# भाग ५

## नेपाल सरकार

## रक्षा मन्त्रालयको सूचना

नेपाल सरकारले नेपाली सेनाको विभिन्न स्थानहरुमा रहेका व्यारेकहरुले साविक देखि चाँदमारी तथा अन्य अभ्यास कार्यको लागि प्रयोग गर्दै आईरहेको स्थानको चार किल्ला र क्षेत्रफल नेपाल राजपत्र भाग ४, खण्ड ४८, संख्या २८, मिति २०५५।०७।१६ मा प्रकाशित गरेकोमा उक्त सूचनाको सि.नं १९ मा उल्लेख भएको चारकिल्लाको सट्टा देहायको चार किल्ला कायम गर्ने गरी हेरफेर गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

"टोपो नक्साको सिट नं २६८७ 0६A मा मान नाप १:२५००० Northing $26^0$ 42, 30" देखि उत्तर र Easting $87^0$ 20 , 00" देखि पश्चिम तर्फ ३ किलो मिटरसम्म जिल्ला मोरङ साविक दुलारी हाल सुन्दर दुलारी नगरपालिका र इटहरी उप-महानगरपालिका वडा नं ३ खोर्सानेे खाप गाउँ देखि उत्तरतर्फको पूर्व पश्चिम ग्राभेल बाटोबाट उत्तरतर्फ सरदर ३ (तीन) किलोमिटर जङ्गल क्षेत्रभित्र पर्ने गरी कुल क्षेत्रफल जग्गा विगाहा १३२९ (एक हजार तीन सय उनन्तीस) लाई फाइरिङ तथा बाहिरी अभ्यास ईलाका कायम गर्ने ।"

आज्ञाले,
**श्रीधर सापकोटा**
नेपाल सरकारको सचिव

## नेपाल सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

नेपाल सरकारले तनहुँ जिल्लास्थित देहायको चारकिल्ला भित्रको ४२५ हेक्टर वन लगायतको क्षेत्रमा प्राणी उद्यान स्थापना गर्ने निर्णय गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरेको छ :-



93

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।